## वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको अनुरोध

### उपभोक्तावर्गमा अनुरोध

१. उपभोग्य वस्तु खरिद गर्नुअघि अनिवार्यरूपमा वस्तुको मूल्य, उत्पादकको नाम एवं ठेगाना, तौल, उत्पादन मिति र उपभोग गर्न सकिने अन्तिम मिति हेर्ने गरौँ।

२. उत्पादन मिति, उपभोग गर्न सकिने अन्तिम मिति नभएको वा केरमेट गरेको वा पुन: लेवलिङ गरेको वस्तु वा सामान खरिद नगरौँ।

३. वस्तु वा सामान खरिद गर्दा अनिवार्यरूपमा बिल लिने गरौँ।

४. अखाद्य, सडेगलेको वा म्याद नाघेको तथा अस्वाभाविकरूपमा बढी मूल्य लिई वा कम तौलका वस्तु विक्री गर्ने विषय गैरकानुनी कार्य हो ।

५. उल्लेखित गैरकानुनी कार्य भएगरेको जानकारी पाउनासाथ विभागको उपभोक्ता सहायता कक्षमा आफैं उपस्थित भई वा विभागको नि:शुल्क टेलिफोन नम्बर ११३७ मा फोन गरी वा www.crmis.doc.gov.np मार्फत् गुनासो गर्नुहुन अनुरोध गरिन्छ। गुनासोकर्ताको नाम, ठेगाना र मोबाइल नम्बर लगायतको विवरण गोप्य राखिनेछ।

**"सचेत उपभोक्ता बनौँ, आफ्नो मौलिक अधिकारको सदुपयोग गरौँ।"**

### उत्पादक वर्गमा अनुरोध

१. उत्पादनको प्याकिङमा वस्तुको उत्पादकको नाम, उत्पादन मिति, प्रयोग गर्न सकिने अन्तिम मिति, प्रयोग भएका Ingredients, तौल, अधिकतम खुद्रा मूल्य प्रष्ट रूपमा देखिने गरी लेबलिङ गरौं।

२. कुनै बिक्रेताले आफ्नो उत्पादनको प्रयोग गर्न सकिने म्यादभित्र बिक्री गर्न नसकेका उत्पादनहरू फिर्ता लिई नयाँ उत्पादनले प्रतिस्थापन गर्ने पद्धति बसालौं।

### विक्रेतावर्गमा अनुरोध

१. सम्वन्धित निकायमा दर्ता गरी अनुमति लिएर मात्र कुनैपनि व्यापारिक कारोबारहरू शुरुवात गरौँ।

२. कारोबारस्थलमा सबैले देख्नेगरी दर्ता प्रमाणपत्र, अनुमतिपत्र, साइनवोर्ड र मूल्यसूची अनिवार्यरूपमा राखौँ।

३. वस्तुको खरिद बिल सुरक्षित राखौँ र बिक्री गर्दा बिलविजक अनिवार्यरूपमा जारी गरौँ।

४. म्याद नाघेका र टुटफुट भएका उपभोग्य वस्तुहरू छुट्टै ठाउँ (Expiry Zone) मा राख्ने गरौँ। समयसमयमा यस्ता वस्तुहरू वितरक वा उत्पादकसमक्ष फिर्ता गर्ने पद्धति बसालौं।

५. उत्पादन मिति, प्रयोग गर्न सकिने अन्तिम मिति, उत्पादक, तौल, मूल्य (MRP) प्रष्ट देखिने लेबल भएका वस्तुहरू मात्र बिक्री वितरण गरौँ।

६. व्यवसायिक केन्द्रमा सम्बन्धित कर्मचारी वा सम्बद्ध व्यवसायीहरुले पन्जा तथा मास्कको अनिवार्य प्रयोग गरौँ ।

७. विभागको नियमित वजार अनुगमन वा गुनासोको आधारमा हुने निरीक्षणका वखत माथि उल्लेख भएका विषयहरु पालना नगरी लापरवाहीपूर्ण क्रियाकलाप गरी उपभोक्ता संरक्षण सम्वन्धी कानुन उल्लंघन गरेको पाइएमा उपभोक्ता संरक्षण ऐन, २०७५ अनुसार कारवाही हुने व्यहोरा समेत सूचित गरिन्छ।

**" जिम्मेवार व्यवसायी बनौँ, उपभोक्ताप्रतिको दायित्व निर्वाह गरौँ।"**